## मोदी गाउँपालिका गाउँ कार्यपालिका बैठकको उपस्थिति एवं निर्णयहरु

बैठक संख्या-१

मिति :- २०८३/०२/३१ गते

आज मिति २०८३ साल जेठ ३१ गते आईतबारका दिन मोदी गाउँपालिकाका अध्यक्ष श्री हिरादेवी शर्मा ज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसेको गाउँ कार्यपालिकाको बैठकमा निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा देवी शर्मा | अध्यक्ष | | |
| २ | श्री बिमल लामिछाने | उपाध्यक्ष | | |
| ३ | श्री बाबुराम पुरी<br>प्रमुख प्रशासकीय अधिकृत | सचिब | | |
| ४ | श्री टेक वहादुर गुरुङ्ग | सदस्य | | |
| ५ | श्री बेल बहादुर कार्की क्षेत्री | सदस्य | | |
| ६ | श्री देवेन्द्र बहादुर क्षेत्री | सदस्य | | |
| ७ | श्री मोहनसिङ चोचाङ्गी पुन | सदस्य | | |
| ८ | श्री मान बहादुर अधिकारी | सदस्य | | |
| ९ | श्री दिपेन्द्र लामीछाने | सदस्य | | |
| १० | श्री दुर्गा प्रसाद शर्मा | सदस्य | | |
| ११ | श्री सुक बहादुर गुरुङ्ग | सदस्य | | |
| १२ | श्री लक्ष्मी बि.क | सदस्य | | |
| १३ | श्री शान्ता आले | सदस्य | | |
| १४ | श्री कृष्ण कुमारी मल्ल | सदस्य | | |
| १५ | श्री सन्तोषी वि.क | सदस्य | | |
| १६ | श्री रिता सुनार विश्वकर्मा | सदस्य | | |
| १७ | श्री डिलमाया नेपाली | सदस्य | | |

अन्य उपस्थिति:

१८. तेजु राम बुढा (ले.पा.)
१९. विकास के.सी. (प्र.अ.)
२०. प्रेम पराजुली (स.ले.अ.)
२१. रमा सुवेदी (स.कं.अ.)

# मोदी गाउँपालिका गाउँ कार्यपालिका
## बैठक मिति २०८३/०२/३१ गतेको निर्णय

बैठक संख्या १३

निर्णय नं १

मोदी गाउँपालिका गाउँ सभाको१९ औं अधिवेशन मिति २०८३ असार ९ गते मंगलबारका दिन आव्हान गर्ने।

निर्णय नं २

आगामी आ व २०८३/०८४ को वार्षिक आय र व्यय (बजेट) मा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा (७४) को उपदफा (४) को प्रावधान बमोजिम आन्तरिक आय र राजश्व बाँडफाँडको रकममा नबढ्ने गरी गाउँकार्यपालिकाको कार्यालय र मातहतका निकायको लागी प्रशासनिक खर्च वापतको रकम विनियोजन गर्ने।

निर्णय नं ३

विषयगत समितिमा छलफल भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट स्थानिय विकासका प्राथमिकताका क्षेत्र अनुसार प्राथमिकिकरण र दिगो विकास लक्ष्य सांकेतिकरण सहित पेश भएको बजेट तथा कार्यक्रम माथी छलफल गरियो ।

निर्णय नं ४

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आर्थिक वर्ष २०८१/०८२को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजु, कैफियत तथा सुझावहरू सम्बन्धित शाखा तथा जिम्मेवार पदाधिकारी/कर्मचारीबाट आवश्यक प्रमाण, कागजात तथा स्पष्टीकरणसहित समावेश गरी तोकिएको समयभित्र महालेखा परीक्षकको कार्यालयमा सम्परिक्षणको लागि पेश गर्ने ।

निर्णय नं ५

मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत डिजिटल स्मार्ट कृषी प्रणाली विकास परियोजनाको स्वीकृत कार्यक्रमको क्रियाकलाप नं १.३ को क्षेत्र विस्तारको लागी कृषी औजार खरिदमा अनुदान शिर्षकबाट कृषकहरुलाई मिनिटिलर खरिदमा अनुदान प्रदान गर्न नपुग हुने बजेट व्यवस्थापनको लागी उक्त परियोजनामा गाउँपालिकाले व्योहोर्ने २५ प्रतिशत साझेदारी रकम मध्येबाट स्वीकृत कार्यक्रम अन्तर्गत विभिन्न क्रियाकलापहरुमा खर्च भई बचत भएको बजेट रकम कृषी औजार खरिदमा अनुदान शिर्षकमा रकमान्तर गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातीचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं ६

मोदी गाउँपालिका वडा नं ६ गिज्यान स्थित रतिखोला लिफ्टिङ नहरको भौतिक संरचनाहरुमा रतिखोलामा आउन सक्ने बाढी तथा अन्य प्राकृतिक प्रकोपजन्य घटनाको कारण हुन सक्ने क्षतिको न्युनिकरण गर्न आयोजनाको डिपिआर तथा लागत अनुमान, ड्रईङ एवं डिजाईनमा उल्लेख नभएका ग्याबिन जाली, खोलाको ड्राईभर्सन, पम्पिङ प्रणालीमा प्रयोग हुने विद्युतिय तार लगायतका संरचनाको निर्माण गर्न विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी रु ६०००००।– (अक्षरेपी रु छ लाख) स्रोत सुनिश्चित गर्ने।

निर्णय नं ७

मोदी गाउँपालिका वडा नं ८ स्थित निर्माण भईरहेको रेग्मीथर गौरीडाँडा पार्कमा विद्युत जडान गर्न चालु आर्थिक वर्ष २०८२।०८३ को उज्यालो मोदी धौलागिरी गेट देखि अम्बोट सम्म सडक बत्ति जडान शिर्षकबाट खर्च लेख्ने गरी प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ७६०००।– (अक्षरेपी छयहत्तर हजार) मात्र स्रोत सुनिश्चित गर्ने ।

निर्णय नं ८

टाईगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा २०८२ माघ ०९ देखि ऐ. १७ गतेसम्म पोखरामा संचालन भएको एनसेल छैठौं टाईगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित क्लव च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०८२ को संचालन तथा व्यवस्थापनको लागी आर्थिक सहायता स्वरुप उपाध्यक्ष सँग युवा कार्यक्रमबाट खर्च लेख्ने गरी रु -(पचास हजार मात्र) आर्थिक सहयोग गर्ने।

निर्णय नं ९

मोदी गाउँपालिका वडा नं ६ बस्ने अपांगता भएका धन बहादुर विश्वकर्मालाई निजको सिप एवं दक्षताको उपयोग गरी परम्परागत सिप तथा प्रविधिलाई नवप्रवर्तनमा रुपान्तरण गर्न आधुनिक मेशिन तथा उपकरण खरिद गर्न चालु आ व २०८२।०८३ को लागी स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत परम्परागत सिप तथा उद्यमको नवप्रवर्तन शिर्षकबाट खर्च लेख्ने गरी रु ५०००००।– (अक्षरेपी रु पचास हजार) प्रदान गर्ने।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

निर्णय नं १०

मोदी गाउँपालिकाबाट सालवसाली रुपमा तर्जुमा हुने आर्थिक ऐनमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (५४) को कानुनी व्यवस्था बमोजिम आफ्नो क्षेत्राधिकार बाहिर गई करारोपण नगरेको स्वघोषणा स्वीकृत गर्ने ।

निर्णय नं ११

चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत विपन्न नागरिक आवास कार्यक्रम घरछाना मर्मत शिर्षकबाट तपशिल बमोजिमका विपन्न तथा गरिव नागरिकहरुको घरछाना मर्मत तथा जस्ता पाता खरिदको लागी आर्थिक सहायता गर्ने।

| क सं | नामथर | ठेगाना | आर्थिक सहयोग रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | वैशलाल कामी | मोदी ८ | १०००००।- | गरिव असहाय तथा अपांगता भएको व्यक्ति भएकोले घरवास निर्माण गर्नुपर्ने भएको । |
| २ | टोरीमाया पुन | मोदी ३ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| ३ | जुम बहादुर पुन | मोदी ३ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| ४ | खिमा दमिनि | मोदी ३ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| ५ | थपिनि | मोदी ६ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| ६ | राजन वि क | मोदी १ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| ७ | पवित्रा वि.क | मोदी ३ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| ८ | गणेश के सी | मोदी ६ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता परिवर्तन |
| ९ | जुनकिरी दमिनी | मोदी ५ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता परिवर्तन |
| १० | मिना पुन | मोदी ६ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| ११ | शान्ति वि.क | मोदी ३ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| १२ | वुद्धि प्रसाद तिवारी | मोदी २ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| १३ | सिताराम दमाई | मोदी २ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| १४ | हायराम लामिछाने | मोदी २ | २५०००।- | घरछाना मर्मत तथा जस्ता पाता |
| १५ | दिवा दमाई | मोदी २ | २५०००।- | घरछाना मर्मत तथा जस्ता-पाता |
| | जम्मा | | ३५०,००० | |

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner

मोदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं १२

खेल तथा खेलकुदको प्रवर्द्धनका लागी मोदी गाउँपालिका वडा नं ६ स्थित लक्ष्मीपुर युवा क्लबले मिति २०८३ जेठ १५ गतेदेखि १९ गते सम्म आयोजना गरेको खुल्ला भलिबल प्रतियोगिता को प्रथम पुरस्कार राशी वापतको रु ५००००।- युवा सँग उपाध्यक्ष कार्यक्रमबाट भुक्तानी दिने गरी स्रोत सुनिश्चत गर्ने ।

निर्णय नं १३

मोदी गाउँपालिका वडा नं ३ स्थित हिमालय मा वी मा निजी स्रोतमा कार्यरत शिक्षक श्री गिता आचार्य को गत शैक्षिक सत्र २०८२ को वैसाख देखि असार सम्मको भुक्तानी हुन बाँकी मासिक रु १५०००।-(पन्ध्र हजार) को दरले हुन आउने पारिश्रमिक रु ४५०००।- (पैचालिस हजार) चालु आ व २०८२।०८३ को लागी विनियोजित खर्च शिर्षक नं २११११(गाउँपालिका अनुदान तथा विद्यालय नीजि स्रोत शिक्षक पारिश्रमिक तथा उपचारात्मक शिक्षण अनुदान शिर्षक) बाट भुक्तानी दिने।

निर्णय नं १४

चालु आ व २०८२/०८३ को लागी नेपाल सरकार विशेष अनुदान अन्तर्गत शैक्षिक विकासका लागि सेवाको गुणस्तर अभिवृद्धि कार्यक्रम अन्तर्गत गाउँकार्यपालिकाको कार्यालयबाट खरिद गरिएको ५२ थान स्मार्ट बोर्ड (75 Inch SMART BOARD With AI Technology) हरुको प्रभावकारी तथा न्यायोचित वितरण सुनिश्चित गर्न गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा रहेको विद्यार्थी संख्या सञ्चालनमा रहेका कक्षा संख्या उपलब्ध शिक्षक जनशक्ति तथा स्मार्ट कक्षाको संचालन गर्न सक्ने क्षमताको आधारमा आधारभूत तथा माध्यमिक विद्यालयहरुलाई हस्तान्तरण गर्ने ।

निर्णय नं १५

आ.व २०८१/०८२को वार्षिक स्वीकृत बजेटबाट वडा नं. २ देउपुर स्वास्थ्य चौकी जाने मोटरबाटो स्तरोन्नती शीर्षकमा विनियोजन भई उक्त योजना गत आ.वमा निर्माण सम्पन्न भएको तर प्राविधिक अन्तिम विल एंव गुणस्तर परिक्षण गरी भुक्तानी प्रदान गर्न समयअभावको कारण भुक्तानी हुन बाँकी योजनाको रुपमा रहेकोमा चालु आ.वमा भएको प्राविधिक चेकजाँच,अनुगमन,गुणस्तर परिक्षण समेतको आधारमा चालु आ.वमा उक्त योजनको लागि विनियोजन भएको बजेटवाट प्राविधिक अन्तिम बिल बमोजिमको रकम भुक्तानी दिने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिमदेवी शर्मा
अध्यक्ष

CamScanner

गाउँ मैदी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पातिचौर, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

निर्णय नं १६

२०८१ असारमा परेको अविरल वर्षाको कारण मोदी २ देउपुर स्थित ठुलीपोखरी-बाँसकोट लगायतका सडकमा अवरुद्ध /पहिरो हटाउने,सरसफाई गर्ने लगायतको कार्य आ.व ०८१/८२मा सम्पन्न भई बजेट स्रोत अभावको कारण भुक्तानी बाँकी रहेको रु २०००००।- चालु आ.वमा भुक्तानी बाँकी योजनाको लागि विनियोजन गरिएको रकमबाट उक्त कार्य सम्पन्न गर्न देउपूर मख उज्यालो टोल विकास संस्थालाई भुक्तानी दिने ।

निर्णय नं १७

मगर संस्कृतीको संरक्षण संम्वर्द्धनको लागि मगर संघ पर्वतलाई कार्यक्रमको प्रस्तावना बमोजिमको क्रियाकलाप/कार्यक्रम संचालन गर्न चालु आ.व ०८२/८३को स्वीकृत बजेट तथा कार्यक्रमको लोकवाजा तथा परम्परागत मौलिक संस्कृती संरक्षण सम्बर्द्धन कार्यक्रम(बजेट प्रासीको क्रमसंख्या ६२)बाट रु २००००।- भुक्तानी प्रदान गर्ने ।

बाबुराम पुरी
प्रमुख प्रशासकीय अधिकृत

हिरादेवी शर्मा
अध्यक्ष

CamScanner